हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

आज मिती २०७७ साल भाद्र महिनाको १७ गते विहान ७ वजेका दिन हरिपुर नगरकार्यपालिकाको वैठक नगर प्रमुख श्री जमिरुदिन मंसुरज्युको अध्यक्षतामा देहायका पदाधिकारीज्युहरुको उपस्थितीमा पेश भएका निम्न प्रस्ताव उपर छलफल गरी निर्णय गर्न वैठक वस्यो ।

**उपस्थिती**

| क स | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | जमिरुदिन मसुर | |
| २ | नगर उपप्रमुख | रेणुका देवी काफ्ले | |
| ३ | सदस्य (वडा अध्यक्ष वडा नं.१) | कुमार लामा | |
| ४ | सदस्य (वडाअध्यक्ष वडा नं.२) | रिखेश्वर कडरिया | |
| ५ | सदस्य (वडाअध्यक्ष वडा नं.३) | महम्द हजरत शेष | |
| ६ | सदस्य (वडा अध्यक्ष वडा नं.४) | गुणेश प्रसाद साह | |
| ७ | सदस्य(वडा अध्यक्ष वडा नं.५) | मंसुर मिया | |
| ८ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | ईदी मंसुर | |
| ९ | सदस्य(.वडा अध्यक्ष वडा नं.७) | हृदय नारायण पजियार | |
| १० | सदस्य (वडाअध्यक्ष वडा नं.८) | हरि बहादुर थापा | |
| ११ | सदस्य (वडाअध्यक्ष वडा नं.९) | ~~हरिनाथ प्रसाद साह~~ मगलु चौधरी | |
| १२ | सदस्य (महिला) | परमशिला देवी कानु | |
| १३ | सदस्य (महिला) | मैमुन खातुन | |
| १४ | सदस्य (महिला) | लक्ष्मी देवी | |
| १५ | सदस्य (महिला) | वेद कुमारी वलम्पाकी | |
| १६ | सदस्य (महिला) | सुनैना देवी चौधरी | |
| १७ | सदस्य ( दलित तथा अल्पसंख्यक) | खहेरु कुमर | |
| १८ | सदस्य ( दलित तथा अल्पसंख्यक) | जनक लाल महरा | |
| १९ | सदस्य | रामेश्वर प्रसाद साह | |
| २० | सचिव (प्रमुख प्रशासकिय अधिकृत) | उदय प्रसाद देवकोटा | |

उदय प्रसाद देवको...

मिति : २०७७।०५।१७

**छलफलका लागी पेश भएका प्रस्तावहरु**

१. स्थानीय तहका जनप्रतिनीधिहरुको सुविधा भुक्तानी सम्वन्धमा ।
२. शिक्षाको रकम विनियोजन सम्वन्धमा ।
३. ढुंगा र माटोजन्य पदार्थ उत्खनन् सम्बन्धमा ।
४. वडा कार्यालय संचालन खर्च सम्वन्धमा ।

**निर्णय नं. १**

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको स्थानीय तहका जनप्रतिनीधिहरुको सुविधा भुक्तानी सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको स्थानीय तहका जनप्रतिनीधिहरुलाई गत आ.व. २०७६।०७७ को २०७६ कार्तिक देखि २०७७ असार मसान्त सम्मको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्वन्धी प्रदेश सभाले प्रमाणिकरण गरेको कानुन अनुसार भुक्तानी गर्न प्रमुख प्रशासकिय अधिकृतलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको शिक्षाको रकम विनियोजन सम्वन्धी प्रस्तावमा छलफल गर्दा विश्वब्यापी रुपमा फैलिएको कोभिड १९ को कारण विद्यालयमा प्रत्यक्ष रुपमा उपस्थित भई शिक्षण सिकाई क्रियाकलाप संचालन गर्ने अवस्था नरहेको र नगरशिक्षा समिति हरिपुर मिति २०७७।०५।२६ गतेमा यस नगरपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुले समुदायमा केन्द्र तोकी विधार्थी सिकाई सहजीकरण प्रक्रिया अघि बढाउने भनी गरेको निर्णय र नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट मिति २०७७।०५।१९ गतेमा जारी गरेको विधार्थी सिकाई सहजीकरण निर्देशिका २०७७ लाई कार्यान्वयन गर्न खर्च शिर्षक नं. २५३११ बाट रेडियो शिक्षाका लागि रु.५,००,०००।०० र समुदायमा केन्द्र स्थापना गरी विधार्थी सिकाई सहजीकरण गर्न रु. ५,००,०००।०० विनियोजन गर्ने निर्णय गरियो ।

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल
२०७३

मिति : २०७७।०५।१७

**निर्णय नं. ३**

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको ढुंगा र माटोजन्य पदार्थ उत्खनन् सम्वन्धी प्रस्तावमा छलफल गर्दा आ.व. २०७७।०७८ मा लखनदेही खोलाको वडा नं. ८ को नहरको पुल देखि वडा नं. ९ को पिडारी सम्म वालुवा गिट्टी झिक्न निम्न अनुसारको दररेटमा निम्न परिणाम वालुवा, गिट्टी, रोडा र ढुंगााको ठेक्का न्युनतम अंक कायम गरि सुचना मार्फत ठेक्का लगाउने निर्णय गरियो । साथै ठेक्का नलागुन्जेल सम्म राजश्व शाखा मार्फत अमानतमा उठाउने निर्णय गरियो ।

| क्र.सं. | आर्थिक वर्ष | ठेक्काको कार्य क्षेत्र विवरण | उत्खनन हुने अधिकतम परिणाम (घन मिटर) | वोल कवोल गर्नु पर्ने न्युनतम रकम अंक वार्षिक ( भ्याट वाहेक) रु. | दर रेट | वोलपत्र फाराम दस्तुर | धरौटी राख्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|
| १ | २०७७।०७८ | लखनदेही खोलाको वडा नं. ८ को नहरको पुल देखि वडा नं. ९ को पिडारी सम्म | ३६०००० (घन फिट) १०१९४।०६ ( घनमिटर) | १६,२०,००० | रु. ४।५० प्रति घनफिट | १०००।०० | वोल कवुल रकम अंकको ५% ले हुन आउने रकम |
| २ | २०७७।०७८ | झिम खोला | | ६,००,००० | | १,०००।०० | वोल कवुल रकम अंकको ५% ले हुन आउने रकम |

झिम खोलाको ईश्वरपुर नगरपालिकाको उतर सिमाना देखि दक्षिण चन्द्रनगर गाउपालिका र कविलासी नगरपालिका भित्रमा पर्ने खोलाबाट बालुवा, गिट्टी, ढुंगा र रोडा बोकी बाहिर जाने ट्रयाक्टरलाई प्रति ट्रयाक्टर रु. ४००।०० प्रति टिपर रु. १०००।०० का दरले पुर्वाधार कर असुल उपर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको वडा कार्यालय संचालन खर्च सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको वडा कार्यालय संचालन गर्नको लागि प्रत्येक वडाहरुमा मासिक रु. ५,०००।०० का दरले वडा कार्यालय संचालन खर्च २०७७ साउन देखी २०७८ असार सम्म भुक्तानी गर्ने निर्णय गरियो ।